# प्रेश विज्ञप्ति

## नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडको संस्थागत सामाजिक उत्तरदायित्व कोषबाट प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषलाई रु.दुई करोड पचास लाख सहयोग हस्तान्तरण



मिति २०८३ भाद्र १० गते नेपालका रसुवा, नुवाकोट, धादिङ्ग र चितवन लगायतका जिल्लाहरुमा बाढीबाट प्रभावित नागरिक तथा समुदायलाई तत्काल वितरण गरिने लत्ताकपडा, खाद्यान्न, औषधि, टेन्ट, भाँडालगायतका बन्दोबस्तीका समाग्रीहरु वितरण गर्ने कार्यमा केही सहयोग पुगोस् भन्ने हेतुले बैंकको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत नेपाल सरकारबाट स्थापना गरिएको प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा बैंकको तर्फबाट रु. २,५०,००,०००/- (अक्षरेपी दुई करोड पचास लाख मात्र) सहयोग गरियो ।

उक्त सहयोग रकम बराबरको चेक अर्थ मन्त्रालयबाट यस बैंकको सञ्चालक समितिमा प्रतिनिधित्व गरि रहनुभएका सञ्चालक श्री महेश आचार्यज्यूले माननिय अर्थमन्त्री डा. स्वर्णिम वाग्लेज्यूलाई हस्तान्तरण गर्नुभयो । अर्थमन्त्रालयमा भएको चेक हस्तान्तरण कार्यक्रममा बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री कृष्ण बहादुर अधिकारी, सहायक प्रमुख कार्यकारी अधिकृत श्री विनय नाथ न्यौपाने, जोखिम तथा अनुपालना अधिकृत श्री सुर्वण कुमार सिंह लगायतका पदाधिकारीहरु तथा मन्त्रालयका अन्य पदाधिकारीज्यूहरुको उपस्थिति रहेको थियो ।

बैंकबाट प्रदान भएको सहयोगले मानवीय उद्धार र राहतमा सहयोग पुग्ने तथा संकटको समयमा जोखिममा रहेका नागरिक र प्रभावित समुदायहरूलाई सहयोग हुने अपेक्षा सहित उक्त रकम बैकको सामाजिक उत्तरदायित्व (CSR) कोषबाट प्रदान गरिएको हो ।